# प्रेस विज्ञप्ती

प्रत्येक वर्ष नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म विश्वभर लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरेको विषय यहाँहरुलाई विदितै छ । सर्वप्रथम सन १९९१ मा"Center for Women Global Leadership" को सहयोगमा २० वटा देशहरुका विभिन्न महिलाको समूहले लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान शुरुवात गर्दै, अभियानमा जुट्न विश्वलाई नै आव्हान गरेका थिए । लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको प्रतिक सेतो रिवनको प्रतिकात्मक अर्थ **म हिंसा गर्दिन, म हिंसा सहन्न र म हिंसाको खुलेर प्रतिवाद गर्छु** भन्ने रहेको र यस अभियानको मुख्य उद्धेश्य महिला हिंसा विरुद्ध पुरुषहरुलाई जागरुक गराउनु रहेका थियो ।

लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानको शुभारम्भ सम्माननीय प्रधानमन्त्रीज्यूबाट **लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धता: व्यक्ति, समाज र सवैको ऐक्यवद्धता** भन्ने राष्ट्रिय नारा वाचन गरी समुद्घाटन भयो । सो सम्बन्धमा मन्त्रालयका श्रीमान् सचिवज्यूले सम्माननीय प्रधानमन्त्रीज्यू लगायत सहभागी सबैलाई स्वागत गर्दै कार्यक्रम माथि प्रकाश पार्नु भएको थियो । वहाँले लैंगिक हिंसा विरुद्धको १६ दिने अभियानमा सम्माननीय राष्ट्रपतिज्यूबाट जारी शुभकामना सन्देश वाचन गरी सुनाउनु भएको थियो । सम्माननीय प्रधानमन्त्रीज्यूले स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईहरुलाई लैंगिक हिंसा विरुद्ध प्रतिबद्ध भई लैंगिक समानता कायम गर्न ऐक्यबद्ध रहन र समृद्ध नेपाल सुखी नेपालीको आकांक्षा पूरा गर्न आह्वान गर्नुभएको थियो । लैंगिक हिंसाबाट विशेष गरी बालिका, किशोरी र महिलाहरुले सम्मानपूर्ण जीवनयापन गर्ने हकबाट बंचित हुनु परेका छ । समाजमा रहेका कुरीति, कुसंस्कार तथा खराव अभ्यासहरुबाट कोही व्यक्ति पनि पीडित हुनु नपरोस्, हिंसाको शिकार हुनु नपरोस एवं अपमानित, अपहेलित र विभेद गरेको अवस्था नरहोस् र कुनैपनि महिलाको आँखामा आँशु देख्न नपरोस् भन्दै यस अभियानलाई सफल बनाउन सबैमा आह्वान गर्नुभयो ।

लैंगिक हिंसा विरुद्धका पुरुष संजालको युवापुस्ताको अभियन्ता संजोग ठकुरीले लैंगिक हिंसामा विशेष गरी महिला, बालिका तथा किशोरीहरु जोखिममा परेका हुँदा लैंगिक समानता कायम गर्न पुरुषहरुको महत्वपूर्ण र उल्लेखनीय योगदान रहन्छ भन्ने कुरामा जोड दिनु भयो । यस मन्त्रालयका विज्ञ समूहका सदस्य मुस्कान खातुनले लैगिक हिंसा जस्तो जघन्य अपराधका लागि हाल कार्यान्वयनमा रहेका कानूनहरु सुधार गरिनु पर्ने र एसिड तथा एसिडजन्य आक्रमण विरुद्ध कार्यान्वयनमा रहेको अध्यादेश सरह कडा कारवाही हुने कानूनको निर्माण हुनु पर्ने कुरामा जोड दिनु भयो । अर्का विज्ञ पुकार मल्लले लैंगिक हिंसा हुन नदिन व्यक्ति, समाज, घर र परिवार नै जिम्मेवार हुनु पर्ने विषयमा जोड दिनु भयो । साथै विज्ञ रेणु सिजापतीले समाजमा रहेका हानिकारका अभ्यास विरुद्ध कानूनको तर्जुमा र निर्माण मात्र नभई सो सम्बन्धमा प्रत्येक व्यक्तिलाई सो को जानकारी र स्थानीय तहसम्म छलफल, बहस र पैरवी गर्नुपर्ने कुरामा जोड दिनुभयो । विज्ञ बन्दना राणाले लैंगिक हिंसा विरुद्ध नेपालले विश्वमै धेरै राम्रा र प्रगतिशिल कानून निर्माण गरेको र यसको कार्यान्वयनमा प्रभावकारिता ल्याउन जरुरी छ भन्दै नेपालले गरेका असल अभ्यासहरुलाई अन्तर्राष्ट्रिय जगतमा पुऱ्याउन आफू लागि परेको कुरामा जोड दिनुभयो ।

प्रदेश नं. १, गण्डकी प्रदेश र कर्णाली प्रदेशका माननीय सामाजिक विकास मन्त्रीज्यूहरुले लैंगिक हिंसा विरुद्ध प्रदेशस्तरका नीति कानूनमा व्यवस्था गरी आन्तरिकीकरण गर्दै मूलप्रवाहीकरण गर्न जरुरी रहेको जानकारी गराउनु भयो । लैंगिक हिंसाबाट पीडित/प्रभावितहरुको उद्धार, राहत, कानूनी उपचार, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार र सामाजिक पुनर्मिलनका लागि प्रदेश सरकार प्रतिबद्ध रहेको कुरा जानकारी गराउनु भयो । प्रहरी महानिरीक्षक शैलेश थापा क्षेत्रीज्यूले नेपाल प्रहरी लैंगिक हिंसा अन्त्यका लागि प्रतिबद्ध रहेको र हरदिन, हरपल र हरप्रहरमा नागरिक समाजको सुरक्षा र सामाजिक न्यायका लागि खटिएको कुरा जानकारी गराउनु भयो । साथै फौजदारी अपराध सम्बन्धी विषयहरुमा वैज्ञानिक अनुसन्धान र अभियोजन प्रणालीका लागि नेपाल प्रहरी सँधै सजग रहेको समेत जानकारी गराउनु भयो । माननीय महान्यायाधिवक्ता अग्नी खरेलज्यूले पटक पटक राष्ट्रिय नारा **लैङ्गिक हिंसा अन्त्यको प्रतिवद्धताः व्यक्ति, समाज र सवैको ऐक्यवद्धता** वाचन गरी यसको सार्थकताका लागि आफू र आफ्नो मातहतका कार्यालयहरुलाई लैंगिकमैत्री बनाउन कुनै कसर बाँकी नराख्ने भन्दै एसिड तथा एसिडजन्य रासायनिक पदार्थको आक्रमण विरुद्धको अध्यादेश निर्माण नै पीडित/ प्रभावितहरुको आवाजबाट आएको भन्दै यसको प्रचारप्रसार व्यापक रुपले गर्नुपर्ने कुरा जानकारी गराउनु भयो । समाजमा महिलामाथि हुने हिंसा, बलात्कार जस्ता गम्भीर अपराधका लागि जिम्मेवार तहमा रहनु भएको व्यक्तिबाट नै मृत्यदण्डको आवाज उठाइएको तर हाम्रो संविधान र अन्तर्राष्ट्रिय सन्धी सम्झौताले मृत्युदण्डको परिकल्पना नगरेको विषय उल्लेख गर्दै सामाजिक सचेतना अभिवृद्धि गर्नुपर्ने कुरामा जोड दिनु भयो ।

यस कार्यक्रमको समापन कार्यक्रमका अध्यक्ष माननीय मन्त्री लिलानाथ श्रेष्ठज्यूले यस १६ दिने अभियानलाई अन्तर्राष्ट्रियस्तर देखि राष्ट्रिय तहसम्म विभिन्न सिर्जनात्मक र सामाजिक सचेतनामूलक कार्यक्रम गरी मनाइने गरिएको भन्दै राष्ट्रिय नाराका साथ लैंगिक हिंसा, बलात्कार, यौनजन्य हिंसा, दूर्व्यवहार लगायतका जघन्य र गम्भीर अपराध विरुद्ध शून्य सहनशिलता कायम गर्न व्यक्ति, परिवार, समाज र सबैको ऐक्यबद्धता जुटाउँदै लैंगिक हिंसामुक्त राष्ट्र निर्माणका लागि प्रतिबद्ध हुन स्वदेश तथा विदेशमा रहेका सम्पूर्ण दिदीबहिनी तथा दाजुभाईमा हार्दिक आह्वान गर्नुभयो । यस कार्यक्रमको प्रमुख आतिथ्यता ग्रहण गरिदिनु भएकोमा सम्माननीयज्यूप्रति आभार व्यक्त गर्नुभयो र सम्पूर्ण सहभागीहरुलाई धन्यवाद व्यक्त गर्दै कार्यक्रमको समापन गर्नुभयो ।

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
सिंहदरबार, काठमाडौं